बैठक संख्या - १०

आज मिति २०७८ साल पौष महिनाको २२ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा

श्री पुनाराम शर्मा, अधिकृतस्तर छैठौं, सा.प्र.

बैठक संख्या : ९०

मिति २०७९/०९/२२ गतेको गाउँकार्यपालिको बैठकका प्रस्तावहरू

१. समपुरक तथा विशेष अनुदान रकम मागको लागि योजना छनौट सम्बन्धमा ।

२. कृषि तथा पशु साझेदारी कार्यक्रम सम्बन्धमा ।

३. जनप्रतिनिधि तथा कर्मचारीको तालिम सम्बन्धमा ।

४. वडा सचिबहरूलाई मसलन्द खर्च गर्न पाउने रकमको सिमा निर्धारण सम्बन्धमा ।

५. सामुदायिक वनसँग साझेदारी कार्यक्रमका लागि सूचना आह्वान गर्ने सम्बन्धमा ।

६. प्राविधिक सहायकहरूको मोटरसाईकल मर्मत सम्बन्धमा ।

७. मोटरसाइकल मर्मत गरेको पुरानो विल रकम भुक्तानी सम्बन्धमा ।

८. जलाधार संरक्षण कार्यक्रम सम्बन्धमा ।

९. गढवा गाउँपालिका अर्न्तगत रहेका सटरहरूको सम्झौता गर्ने सम्बन्धमा ।

१०. माघि महोत्सवका लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

११. महिला तथा बालवालिका विकास शाखाको योजना/कार्यक्रम सम्बन्धमा ।

१२. क्लबहरूको मागमा आधारित खेलकुद सामाग्री सञ्चालन सम्बन्धमा ।

१३. दरवन्दी खाली भएको विद्यालयहरूमा पठनपाठन व्यवस्थापन गर्ने सम्बन्धमा ।

१४. नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा ।

१५. ३ नम्बर वडा कार्यालयले ढुङ्गा जफत कार्यमा प्रयोग भएको खर्चको भुक्तानी सम्बन्धमा ।

१६. लागत साझेदारीमा कृषि पशु विकास कार्यक्रमको सम्झौता सम्बन्धमा ।

१७. विविध विषय सम्बन्धमा ।

निर्णयहरू :

**निर्णय नम्बर १.** यस गाउँपालिकाको तर्फबाट आगामी आ.व. का लागि समपुरक तथा विशेष अनुदान रकम माग गर्नका लागि तपशिल बमोजिमका योजनाहरू छनौट गर्ने निर्णय गरियो ।

तपशिल :

समपुरक योजनाहरू

१. गढवा ४ खड्कपुरमा पालिकास्तरिय रंगशाखा निर्माण

२. गढवा क्याम्पस चोक-खरखरे डाँडँ-मनिकापुर-कक्रहवा सडक

विशेष अनुदानको लागि योजना

१. निर्माणका चरणमा रहेको शीत भण्डारमा अपुग हुने रकम ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नम्बर २.** : यस गाउँपालिकाको आ.व. २०७९/०८० मा गाउँपालिका र संस्थाको साझेदारीमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रमतर्फ परामर्श सेवा खरिद विधिबाट प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने एक मात्र संस्था हेफर प्रोजेक्ट नेपालको प्राविधिक प्रस्ताव सफल भई यस गाउँपालिकाबाट व्यहोर्ने रू ५ करोड ५० लाख र साझेदार संस्थाले व्यहोर्ने २ करोड ३५ लाख ७१ हजार ४ सय २९ गरि जम्मा ७ करोड ८५ लाख ७१ हजार ४ सय २९ रूपैया बराबरको कार्यक्रम स्वीकृत गरि साझेदार संस्था हेफर ईन्टरनेसनल नेपालसँग सम्झौता गर्ने निर्णय गरियो ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

लागत अनुमान

कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजना

परियोजना अवधि आ.व. ०७९/०८० देखि आ.व. ०८३/०८४

| | आ.व. ०७९/०८० | | आ.व. ०८०/०८१ | | आ.व. ०८१/०८२ | | आ.व. ०८२/०८३ | | आ.व. ०८३/०८४ | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बजेट शिर्षक | पालिका | साझेदार संस्था | पालिका | साझेदार संस्था | पालिका | साझेदार संस्था | पालिका | साझेदार संस्था | पालिका | साझेदार संस्था | पालिका | साझेदार संस्था | कुल जम्मा |
| कृषि उपकरण तथा सामग्री | ३१९८२०० | ० | ५०७५००० | ० | ४६१५००० | ० | २९३०००० | ० | १९५०००० | ० | १७७६८२०० | ० | १७७६८२०० |
| पूँजीगत खर्च | ० | ० | ० | ० | १०००००० | ० | १०००००० | ० | १०००००० | ० | ३०००००० | ० | ३०००००० |
| बागवानी खरिद तथा ढुवानी | ५२९००० | ० | ११७३६०० | ० | ११९८६०० | ० | ९१९६०० | ० | ० | ० | ३८२०८०० | ० | ३८२०८०० |
| पशु खरिद तथा ढुवानी | ३१०२००० | ० | २४००००० | ० | २२९५००० | ० | १९०८००० | ० | ० | ० | ९७०५००० | ० | ९७०५००० |
| प्राविधिक सेवा तथा मूल्यांकन | ३३१००० | ६४८००० | २२४२००० | १३८६६७५ | २७८७००० | १४२९७७० | ३०४७००० | ३६०००० | ११०१००० | १८०००० | ९५०८००० | ४००४४४५ | १३५१२४४५ |
| तालिम | २८३९८०० | २८०४०० | ४१०९४०० | ० | २१०४४०० | ० | ११९५४०० | ० | ९४९००० | ० | १११९८००० | २८०४०० | ११४७८४०० |
| भ्रमण तथा यातायात | ० | ४१४००० | ० | ८५३००० | ० | ८५३००० | ० | ७१५००० | ० | ३७०००० | ० | ३२०५००० | ३२०५००० |
| मानव संशाधन | ० | १७२८००० | ० | ३८३७६०० | ० | ४०४३५२० | ० | २६०८३२० | ० | १४७८४०० | ० | १३६९५८४० | १३६९५८४० |
| कार्यालय व्यवस्थापन | ० | ६४६२४४ | ० | ५१८५०० | ० | ५०३५०० | ० | ४८५५०० | ० | २३२००० | ० | २३८५७४४ | २३८५७४४ |
| कुल जम्मा | १००००००० | ३७१६६४४ | १५०००००० | ६५९५७७५ | १४०००००० | ६८२९७९० | ११०००००० | ४१६८८२० | ५०००००० | २२६०४०० | ५५०००००० | २३५७१४२९ | ७८५७१४२९ |

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नम्बर ३.** : जनप्रतिनिधीहरू तथा कर्मचारीहरूको क्षमता विकास सम्बन्धी तालिम (लिजा सम्बन्धी) आउँदो माघ महिनाको दोस्रो सातामा गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ४.** : वडामा हुने सानातिना खर्च व्यवस्थापन गर्न र सानो कामको लागि समेत गाउँपालिका धाउनुपर्ने समस्या समाधानका लागि वडा सचिबलाई प्रतिमहिना अधिकतम २००० सम्मको मसलन्द खर्च गर्न पाउने र सो को बिल भर्पाई बमोजिम सम्बन्धीत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नम्बर ५.** : यस गाउँपालिकाको चालु आ.व. को कार्यक्रम अर्न्तगत सामुदायिक वनसँग सहकार्यमा उत्पादनमूखी साझेदारी कार्यक्रममा आठ लाख रूपैया बजेट विनियोजन भएकोले सो को कार्यान्वयनका लागि विशेष गरि कम्पोष्ट मल उत्पादन सँग सम्वन्धित हुनेगरि साझेदारीका लागि सूचना आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ६.** : यस गाउँपालिकामा कार्यरत प्राबिधिक सहायक कर्मचारीहरूले गाउँपालिकाबाट सवारी साधन नपाएको र निजी मोटरसाईकलमै फिल्ड जानुपर्ने बाध्यता रहेकोले निजहरूको फिल्ड जाने प्रयोजनमा प्रयोग भएको व्यक्तिगत मोटरसाईकलको मासिक १०००।- (एक हजार रूपैया मात्र) को दरले बढिमा वार्षिक १२,०००।- (बाह्र हजार रूपैया मात्र) मर्मत बापत बिल भर्पाई बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नम्बर ७.** : यस गाउँपालिका, गाउँकार्यपालिका अर्न्तगतका कर्मचारीहरूले प्रयोग गर्ने मोटरसाईकलहरू तथा वडा कार्यालय अर्न्तगतका मोटरसाईकलहरू मर्मत गरिएको पुरानो बिलको बिल बमोजिम मर्मत खर्च भुक्तानी दिने निर्णय गरियो ।

तपशिल :

श्री विजय अटो पार्टस, गढवा ६ को ३३,०८०।-

श्री ईमरान अटो पार्टस, गढवा ६ को १,७९,१७०।-

**निर्णय नम्बर ८.** : यस गाउँपालिकाको चालु आ.व. मा जलाधार संरक्षण अर्न्तगत विनियोजन भएको वर्षादको पानी भण्डारनका लागि कृतिम जलाशय निर्माण शीर्षकमा आठ लाख रूपैया विनियोजन भएकोले सो कार्यक्रम अर्न्तगत तपशिल बमोजिमका योजनाहरू गर्ने निर्णय गरियो ।

तपशिल :

१.कोठरी सिचाई पोखरी मर्मत को बाँकी काम मर्मत गर्न : रू चार लाख

२. गढवा ५ पनेश्वरमा जलाशय निर्माणको प्रारम्भिक कार्य : रू चार लाख

**निर्णय नम्बर ९.** : यस गाउँपालिकाको स्वामित्वमा रहेका गढवा बजार मेन चोकको पूर्व तथा उत्तरतर्फ रहेको सटरहरू अहिले पनि भाडामा रहेकोले पूर्ण भुक्तानी गरिसकेका भाडावालाहरूसँग सम्झौता गरि निरन्तरता दिने र हालसम्मको भाडा नतिर्नेहरूलाई हटाएर नयाँ सूचना आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १०.** : यस वर्षको महिला तथा बालबालिका शाखाको कार्यक्रम आदिबासी जनजाती तर्फ माघि महोत्सबका लागि विनियोजित २ लाख रूपैया विनियोजन भएकोमा तपशिल बमोपिजम २ लाख रूपैया बाँडफाड गर्ने निर्णय गरियो ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

तपशिल :

गाउँपालिका स्तरिय माघि महोत्सबको उपलक्ष्यमा वडा नम्बर ४ मार्फत खड्कपुरमा खेलकुद कार्यक्रम तथा सांस्कृतिक कार्यक्रम संचालन गर्ने ।

| | |
|---|---|
| १. माघि महोत्सबको उपलक्ष्यमा वडा नम्बर ४ मार्फत खड्कपुरमा खेलकुद कार्यक्रम तथा सांस्कृतिक कार्यक्रम आयोजनाका लागि | रू १,५०,०००।- |
| ३. कोठरीमा खेलकुद कार्यक्रम संचालनका लागि | रू २५,०००।- |
| ४. वडा नम्बर ७ मा माघि विशेष कार्यक्रम संचालनका लागि | रू २५,०००।- |
| जम्मा रकम | रू २,००,०००।- |

**निर्णय नम्बर ११.** : यस गाउँपालिकाको चालु आ.व. का लागि महिला तथा बालबालिका शाखा अर्न्तगत विनियोजित विभिन्न कार्यक्रमहरू संचालनका सन्दर्भमा संस्थागत सहभागिता आवश्यक्ता पर्ने, संस्थालाई कार्यक्रम दिदा प्रभावकारी हुने उपयुक्त खालका कार्यक्रमहरू गढवा गाउँपालिकाको साझेदारी सम्बन्धी कानून बमोजिम हुनेगरि संघ सस्थाले संचालन गर्नका लागि सूचना आह्वान गर्ने र बाँकी कार्यक्रमहरू शाखाबाटै संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १२.** : यस गाउँपालिकाको चालु आ.व. का लागि युवा तथा खेलकुद विषय अर्न्तगत क्लबहरूको मागमा आधारित खेलकुद कार्यक्रममा नौ लाख पचास हजार रूपैया विनियोजन गरिएकोमा उक्त कार्यक्रम संचालनका लागि संस्था दर्ताको प्रमाणपत्र भएका, नियमित रूपमा नविकरण भएका युवा क्लबहरूको प्रस्तावना माग गर्नका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १३.** : यस गाउँपालिका अर्न्तगत दरबन्दी खालि भएका विद्यालयहरूमा पठनपाठन व्यवस्थापन गर्नका लागि शिक्षा शाखा अर्न्तगत विनियोजित बजेटबाट व्ययभार पर्नेगरी विद्यार्थी र शिक्षक संख्याको अनुपात हेरेर आवश्यक पर्ने विद्यालयहरूमा दैनिक ज्यालादारीमा शिक्षक राखी पठनपाठन सुचारू गर्ने र सो को व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धीत विद्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नम्बर १४.** यस गाउँपालिकाको नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा जनप्रतिनिधीहरूले नै नियमित रूपमा अनुगमन गर्ने, रातको समयमा विशेष ध्यान दिने, सरोकारवाला निकायहरूलाई अनुशासित बन्न प्रेरित गर्दै कडा निगरानी गर्ने, वडा तहबाटै रसिद काटिएकोमा सो कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १५.** गढवा गाउँपालिकाको राप्ती नदि किनार तथा खोलाहरूको बगर क्षेत्रमा अबैध रूपमा डम्पिङ गरि राखेको नदिजन्य पदार्थको जफतका लागि यस अघिको गाउँकार्यपालिकाको बैठकको निर्णय जफत गर्ने निर्णय भएकोमा वडा नम्बर ३ अर्न्तगतको उक्त जफत कार्यका लागि जनशक्ति व्यवस्थापन प्रधानमन्त्री रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरूबाट गरिएकोमा सो कार्यको श्रमिकको ज्याला भुक्तानी सोही कार्यक्रमबाट दिने साथै जफत कार्यमा ट्याक्टरहरू प्रयोग गरिएकोमा सो ट्याक्टर भाडा र खाना खाजा खर्चको तपशिल बमोजिमको भुक्तानी यस गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट दिने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| १. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत तथा अन्य रूपमा श्रमिकको ज्यालाको रूपमा हुने भुक्तानी | रू ४६,९८०।- |
| २. प्रयोग भएका सवारी साधनको भाडा बापत भुक्तानी हुने | रू १,०८,०००।- |
| जम्मा : | रू १,५४,९८०।- |

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

साथै जफत कार्यमा श्रमिकहरू प्रयोग गर्दा नाम र ठेगाना [illegible] गई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गढवा गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत नभएका श्रमिकहरू समेत उक्त कार्यमा कामकाजमा खटाईएको जानकारीमा आएकोले प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट भुक्तानी हुन नसक्ने श्रमिकहरूको हकमा निजलाई सोही दरमा यस गढवा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट व्ययभार पर्नेगरि भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नम्बर १६. यस गाउँपालिका अर्न्तगत तपशिल बमोजिमका विविध विषयमा तपशिल बमोजिमका निर्णयहरू गरियो ।**

. यस गढवा गाउँपालिका वडा नम्बर ३ जङ्गलकुटिमा मिति २०७९/०९/१४ गतेका दिन अर्न्तपालिका समन्वय बैठक सम्पन्न भएकोमा उक्त बैठकमा दाङ जिल्ला भित्रका सम्पूर्ण स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, मुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, प्रदेश स्वास्थ्य मन्त्री, लुम्बिनी प्रदेश मुख्यमन्त्री, पत्रकार, समाजसेवी गाएतका विशिष्ट व्यक्तिहरूको स्वागत खाजाको प्रबन्ध गर्नका लागि भएको खर्च रू ५७,२०५।- (अक्षेरेपी सन्ताउन्न जार दुई सय पाँच मात्र ।) बिल भर्पाई बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

. यस गाउँपालिका अर्न्तगतका विभिन्न स्वास्थ्य संस्थाहरूमा कार्यरत नर्सिङ कर्मचारीहरूलाई प्रति महिना रू ३०० का रले जोखिम भत्ता उपलब्ध मासिक तलब सुबिधा सँगै उपलब्ध गराउने निर्णय गरियो ।

. यस गाउँपालिका वडा नम्बर ८ अर्न्तगत तपशिल बमोजिमका विपद व्यवस्थापनका योजनाहरू यस गाउँपालिकाको पद व्यवस्थापन कोषबाट व्ययभार पर्नेगरि कार्यान्वियन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| ) सिढि निर्माण (तल्लो) | रू ९७५००।५२ |
| ) सिढि निर्माण (विचको) | रू २९,७३७।११ |
| सिढि निर्माण (माथिल्लो) | रू ३९०६६।७५ |
| | **रू १६६३०४।४** |

यस गाउँपालिका अर्न्तगतका तपशिल बमोजिमका स्थानहरूलाई पर्यटकिय स्थलको रूपमा विकास गर्नका लागि संघ या प्रदेश सरकार साथै संघ तथा प्रदेश सरकार अर्न्तगतका निकायहरूमा योजना माग गर्ने निर्णय गरियो ।

) सुकिदहवा : वडा नम्बर ४
) कन्दरा मन्दिर : वडा नम्बर ६
पनिसवा : वडा नम्बर २
पिण्डेश्वर : वडा नम्बर ३
चम्बोला : वडा नम्बर ७
कोईलाबास : वडा नम्बर ८

यस गढवा गाउँपालिका वडा १ बडहरा निवासी श्री रामगोपाल यादबको छोरा वर्ष १६ को श्री निश्चल यादबको यही त २०७९/०७/२६ गतेका दिन राप्ती नदिमा नुहाउन गएको अवस्थामा वेपत्ता भएकोमा निजको खोज तथा उद्धार र्यका लागि निज डुबेको सम्भावित स्थानमा खोजि कार्य गर्नका लागि खोलाको बहाब तर्काउन आवश्यक देखिएको स्थामा जे.सि.बि. प्रयोग गर्नका लागि यस गढवा गाउँपालिकाको तर्फबाट मिति २०७९/०७/२८ गतेका दिन खोजि र्यका लागि १०० लिटर डिजेल उपलब्ध गराईएकोमा सो को समर्थन गर्ने निर्णय गरियो ।

नारायण शर्मा पोखेल

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

६. यस गढवा गाउँपालिकामा मिति २०७९/०६/२१ गतेका दिन टेहडा र धानखोला नजिक पहिरो खसेको हुँदा उक्त पहिरो हटाउनको लागि राप्ती फ्युल सेन्टर गढवा १ देउखुरी दाङबाट ६० लिटर डिजल (जम्मा रकम रू १०७७०।- अक्षेरेपी दश हजार सात सय सत्तरी मात्र) सवारी आवागमन अवरूद्ध भएको अवस्थामा राजमार्ग क्षेत्र खुलाउनका लागि यस गढवा गाउँपालिकाबाट विपदको समयमा मौखिक आदेश दिई डिजल उपलब्ध गराईएकोले सो को यस गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

७ यस गढवा गाउँपालिका अर्न्तगत नदि तथा खोलाहरूमा हुने नदिजन्य पदार्थको चोरी निकासी रोक्नका लागि विभिन्न समयमा अनुगमन तथा चोरी नियन्त्रण कार्यमा यस गाउँपालिका अर्न्तगत वडा नम्बर ४ र ५ का वडा अध्यक्ष ज्यू हरूको निजि गाडी प्रयोग भएको सन्दर्भमा निजहरूलाई उक्त कार्यका लागि खर्च भएको डिजेल ५०/५० लिटरका दरले ईन्धन सोधभर्ना गर्ने निर्णय गरियो ।

८. यस गढवा गाउँपालिकाका २ वटा गाडिहरूमा काम विशेषले अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यूहरूले प्रयोग गरेको बेला प्रमुख प्रशासकिय अधिकृतको आवतजावतको लागि निजको निजि मोटरसाईकल (स.५.प. ४९३४) का लागि मासिक १० लिटर पेट्रोल तथा आवश्यक मर्मत सेवा उपलब्ध गराउने निर्णय गरियो ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष